# देवचुली नगरपालिका

फोन नः ०७८-५७५०१०

## नगरकार्यपालिकाको कार्यालय
## प्रगतिनगर,नवलपरासी (बर्दघाट सुस्तापूर्व)
## गण्डकी प्रदेश,नेपाल

### हाट बजार ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना।
### प्रकाशित मिति २०७९/०३/२७

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका हाट बजार व्यवस्थापन गर्ने व्यवस्था अनुरुप वडा नं १६ मा रहेको रजहर हाट बजार आगामी आ.व २०७९/०८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक , संस्था वा कम्पनीहरुले मिति २०७९/०४/०१ गते दिनको २ बजे १६ नं वडा कार्यालयमा हुने डांक बढाबढ प्रक्रियामा सहभागिताको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

- डांक बढाबढको न्यूनतम रकम रु १,३०,६०८। (एक लाख तिस हजार छ सय आठ रुपियाँ मात्र) बाट सुरु हुनेछ।
- डांक बढाबढमा प्रत्येक पटकमा रु १०००। मा नघट्ने गरी बोलकबोल रकम बोल्नुपर्नेछ।
- ठेक्का अवधि आर्थिक वर्ष २०७९/०८० को साउन १ गते बाट लागु भई २०८० असार मसान्त सम्म कायम रहनेछ।
- ठेक्का बोलकवल भएपश्चात ठेक्का बोलेको रकमको १० प्रतिशत हुन आउने रकम सोही दिन वडा कार्यालयमा बुझाउनुपर्नेछ। अन्य रकम एक हप्ता भित्र वडा कार्यालयमा बुझाउनुपर्नेछ।
- बजार व्यवस्थापन तथा सरसफाईको सम्पूर्ण जिम्मा स्वयमं ठेकदारको हुनेछ।
- नगरपालिकाले तोकिदिएको दररेटमा रकम संकलन गर्नुपर्नेछ।दरहरु दैनिक निम्म बमोजिम हुनेछ।
  - टहरा भित्रमा सवै पसलहरुका लागिःरु ५०।
  - थान कपडा, कस्मेटिक सामान, भाडा पसल र फेन्सी पसलः रु ४०।
  - तरकारी, जिरा, मसला पसलःरु ४०।
  - जेरी पसल, जुत्ता, चिया, चुरा पसलःरु ३०
  - सो बाहेक अन्य प्रत्येक पसलः रु २५।
- शौचालय तथा पानीको संरक्षण र निगरानी ठेकदार स्वयमंनै गर्नुपर्ने तर पानीको शुल्क नगरपालिकाले तिर्नेछ।
- सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन र नियमावलि वा प्रचलित कानून बमोजिम हुनेछ।
- आवश्यक कागजातः व्यक्तिको हकमा नेपाली नगरिकताको प्रमाणपत्र र संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र सहित कर चुक्ताको प्रमाणपत्र।
- अन्य जानकारीका लागी नगरपालिकाको कार्यालयमा समय भित्र सम्पर्क राखी बुझन सकिनेछ।

२०७९/०३/२६

(शिव खापङोटा)
अधिकृतस्तर छैठौं